# रघुगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मौवाफाँट, म्याग्दी
२०७३

पत्र संख्या:- २०८३/०८४
सूचना नं.:- २६०

गण्डकी प्रदेश, नेपाल
मितिः २०८३।०६।१६

**सडक मर्मत कार्यका लागि आवश्यक उपकरणको दररेट उपलब्ध गराउने सम्बन्धी सूचना ।।।**

**प्रथम पटक प्रकाशित मिति : २०८३।०६।१६**

मनसूनजन्य विपद्का कारण भएको क्षति (सडक सञ्चालन) मर्मतको कार्य गर्न तपशिलका शर्तहरुको अधिनमा रही देहाय बमोजिमको स्पेशिफिकेशन अनुसारका उपकरणहरु भाडामा (सम्पूर्ण व्यवस्थापन सहित) आवश्यक परेको हुँदा इच्छुक निर्माण व्यवसायीले व्यवसाय दर्ताको प्रमाण-पत्र, आ.व. २०८१।०८२ को कर चुक्ता प्रमाण-पत्र, प्यान/भ्याट दर्ता, उपकरणहरुको बिलबुक र सवारी चालकको सवारी चालक अनुमतिपत्र लगायतका आवश्यक कागजात सहित मिति २०८३।०६।२१ गते भित्र दररेट उपलब्ध गराइदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :

१. सम्झौता पश्चात निर्माण व्यवसायीले कबोल गरेको न्यूनतम दररेटको आधारमा गाउँपालिकाले उपलब्ध गराएको फारम (लगबुक) मा सम्बन्धित वडा प्राविधिक (साइट इन्चार्ज) ले प्रमाणित गरेको प्रति घण्टा (Per Hour) को आधारमा कार्यको प्राविधिक मूल्याङ्कन पश्चात बिलको रकम उपलब्ध गराइनेछ ।

२. निर्माण व्यवसायीले सम्झौता भई कार्यदिश पाएको मिति देखि उल्लेख गरिएका उपकरण कार्यालयले खोजेको बखत तत्काल उपलब्ध गराउन सक्ने गरी तयारी अवस्थामा राख्नु पर्नेछ। विपद् व्यवस्थापन/सडक मर्मत कार्यका लागि गाउँपालिकाका सम्बन्धित वडाभित्रका सबै शाखा सडकहरु अनिवार्य रुपमा तोकिएको समयभित्र मर्मत गर्नुपर्नेछ । साथै आवश्यक परेको खण्डमा एक समयमा एक भन्दा बढी उपकरण उपलब्ध गराउनु पर्नेछ ।

३. आफ्नै कम्पनीको उपकरण नभएमा अन्य व्यवसायी वा फर्मबाट उपकरण भाडामा लिई सेवा दिने भएमा निवेदनसाथ भाडामा लिन/दिन भएको सम्झौता पत्रको प्रतिलिपी संलग्न गर्नुपर्नेछ । यसरी एउटै फर्म वा कम्पनीबाट भाडामा लिएको एउटै उपकरण एकभन्दा बढी निर्माण व्यवसायीले पेश गरेमा दुवै प्रस्ताव अस्वीकृत हुनेछन् ।

४. उपकरणका लागि आवश्यक पर्ने इन्धन, मर्मत सम्भारको खर्च, चालकको पारिश्रमिक तथा खाने बस्ने सबै व्यवस्था निर्माण व्यवसायी स्वयंले नै गर्नुपर्नेछ । यसका लागि गाउँपालिका समक्ष कुनै दावी गर्न पाइनेछैन ।

# रघुगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मौवाफाँट, म्याग्दी
२०७३

गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः- २०८३/०८४

५. चालक र मेशिनको सुरक्षाको जिम्मेवारी सम्बन्धित निर्माण व्यवसायीको हुनेछ र विपद् व्यवस्थापन/सडक मर्मत कार्य गर्दा कुनै दुर्घटना भई केही मानवीय तथा भौतिक क्षति भएमा सोको सम्पूर्ण जिम्मेवार स्वयं निर्माण व्यवसायी हुनेछ ।

६. मिति २०८३।०६।२१ गते सम्म दिनको १२:०० बजेभित्र निर्माण व्यवसायी/फर्म/कम्पनीले व्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपी, आ.व. २०८१।०८२ सम्मको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी, भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी, सहित स्वयं उपस्थित भई वा कार्यालयको वेवसाइट www.raghugangamun.gov.np बाट दरभाउपत्र पेश गरेको निवेदन Download गरी आवश्यक दररेट (अंक र अक्षरमा) भरी पेश गर्नुपर्नेछ ।

७. मिति २०८३।०६।२१ गते दिनको १२:०० बजेभित्र शिलबन्दी दरभाउपत्र खामबन्दी गरी पेश गरिसक्नुपर्नेछ । यसरी दर्ता हुन आएका प्रास्तावपपत्र सोही दिनको २:०० बजे प्रास्तावपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर प्रस्ताव खोल्ने समयमा प्रस्तावपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा प्रस्ताव पत्र खोल्न कुनै बाधा हुनेछैन ।

८. म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै शर्त राखी पेश भएको प्रस्तावपत्रलाई मान्यता दिईनेछैन ।

९. प्रस्ताव पेश गर्ने निर्माण व्यवसायीहरुले सबै आइटमको दररेट वडागत रुपमा पेश गर्नुपर्नेछ । यसरी निर्माण व्यवसायीले दररेट पेश गर्दा सबै वडाको दररेट पेश गर्न बाध्य हुनेछैन जुन वडाको दररेट पेश गरेको छ सोही वडाको मूल्याङ्कनमा मात्र सहभागी गराइनेछ । एउटै निर्माण व्यवसायीले अधिकतम दररेटमा नबढने गरी वडागत रुपमा निजको अनुकुलताका आधारमा फरक/फरक दररेट समेत पेश गर्न सक्नेछ । निर्माण व्यवसायीले पेश गरेको दररेटका आधारमा प्रति आइटम सबैभन्दा कम दररेट पेश गर्ने निर्माण व्यवसायीको दररेट स्वीकृत गरिनेछ । यसरी दररेट स्वीकृत गर्दा (Backhoe Loader / Excavator को न्यूनतम दररेटलाई मुख्य आधार लिइनेछ ।

१०. खामबन्दी दररेटसाथ तोकिएका सम्पूर्ण कागजात अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

११. यस सूचनामा उल्लेखित शर्तहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

२०८३/०६/१६

प्रमुख प्रशासकीय अधिकृत

# रघुगंगा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, मौवाफाँट, म्याग्दी

सडक मर्मत कार्यका लागि आवश्यक उपकरणको दररेट उपलब्ध गराउने सम्बन्धी दरभाउपत्र

प्रथम पटक सूचना प्रकाशित मिति : २०८३।०६।१६

नि. प्रमुख प्रशासकीय-अधिकृत

रघुगंगा गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
मौवाफाँट, म्याग्दी ।

विषय : दरभाउपत्र पेश गरेको ।

महोदय,

मनसूनजन्य विपद्का कारण भएको क्षति (सडक सञ्चालन) को कार्य गर्न तपसिलका शर्तहरुको अधिनमा रही देहाय बमोजिमको स्पेशिफिकेशन अनुसारका उपकरणहरु भाडामा (सम्पूर्ण व्यवस्थापन सहित) आवश्यक परेको हुँदा इच्छुक निर्माण व्यवसायीले व्यवसाय दर्ताको प्रमाण-पत्र, आ.व. २०८१।०८२ को कर चुक्ता प्रमाण-पत्र, प्यान/भ्याट दर्ता, उपकरणहरुको बिलबुक र सवारी चालकको सवारी चालक अनुमतिपत्र लगायतका आवश्यक कागजात सहित मिति २०८३।०६।२१ गते भित्र दररेट उपलब्ध गराइदिनुहुन यो सूचना प्रकाशित गरिएको छ भन्ने सूचना बमोजिम तपसिलमा लेखिए बमोजिम दररेटमा ठेक्का लिन मन्जुरी भएकाले दरभाउपत्र दाखिला गरेको छु ।

तपसिल :

| क.सं. | वडा नं. | वडागत सडक मर्मत बजेट रु. | परिमाण | अधिकतम दररेट रु. प्रति घण्टा (भ्याट बाहेक) | | कबोल दररेट रु. प्रति घण्टा (भ्याट बाहेक) | |
|---|---|---|---|---|---|---|---|
| | | | | Excavator | Backhoe Loader | Excavator | Backhoe Loader |
| १. | १ | ४,००,००० | /hr. | ६००० | २८०० | अंकमा :<br>अक्षरमा : | अंकमा :<br>अक्षरमा : |
| २. | २ | ४,००,००० | /hr. | ६००० | २८०० | अंकमा :<br>अक्षरमा : | अंकमा :<br>अक्षरमा : |
| ३. | ३ | ४,००,००० | /hr. | ६००० | २८०० | अंकमा :<br>अक्षरमा : | अंकमा :<br>अक्षरमा : |
| ४. | ४ | २,५०,००० | /hr. | ६००० | २८०० | अंकमा :<br>अक्षरमा : | अंकमा :<br>अक्षरमा : |
| ५. | ५ | २,७५,००० | /hr. | ६००० | २८०० | अंकमा :<br>अक्षरमा : | अंकमा :<br>अक्षरमा : |
| ६. | ६ | ५,००,००० | /hr. | ६००० | २८०० | अंकमा :<br>अक्षरमा : | अंकमा :<br>अक्षरमा : |
| ७. | ७ | ३,५०,००० | /hr. | ६००० | २८०० | अंकमा :<br>अक्षरमा : | अंकमा :<br>अक्षरमा : |
| ८. | ८ | ३,००,००० | /hr. | ६००० | २८०० | अंकमा :<br>अक्षरमा : | अंकमा :<br>अक्षरमा : |

निवेदक :
फर्मको नाम :
दस्तखत :
मिति :

रघुगंगा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मौवाफाँट, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७२

प्रमुख प्रशासकीय अधिकृत